नेपाल, बागमती प्रदेश, धादिङ, सिद्धलेक गाउँपालिका

# स्थानीय राजपत्र

**खण्ड ६, संख्याः २९, फाल्गुण ३० गते, २०७९ साल**

सिद्धलेक गाउँपालिकाको गाउँ कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) तथा उपदफा (३) बमोजिम आम नागरिकको जानकारीका लागि प्रकाशन गरिएको छ।

## भाग २

## सिद्धलेक गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि,२०७४ लाई संसोधन गर्ने बनेको कार्यविधि,२०७९

गाउँकार्यपालिकाबाट स्विकृत मितिः २०७९।११।२९

अध्यक्ष

Scanned with CamScanner

**सिद्धलेक गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ लाई संसोधन गर्न बनेको कार्यविधि, २०७९**

सिद्धलेक गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ लाई संसोधन गर्न वाञ्छनिय भएकोले,

सिद्धलेक गाउँपालिकाले देहाय बमोजिमको कार्यविधि स्वीकृत गरेको छ ।

१. **संक्षिप्तनाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम "सिद्धलेक गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी (पहिलो) संसोधन कार्यविधि, २०७९" रहेको छ ।
(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सिद्धलेक गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४ मा नाम संशोधनः** सिद्धलेक गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४, रहेकोमा सिद्धलेक गाउँपालिकामा करारमा प्राविधिक वाक्यांश पछि **तथा अप्राविधिक** वाक्यांश थप गरिएको ।

३. **सिद्धलेक गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७४** को दफा ३ को उपदफा (२) **को देहाय** (छ) पछि (ज) थपगरिएको-

(ज) प्रशासनिक तथा श्रेणीविहिन ( सवारी चालक /कार्यालय सहयोगी)

४. **सिद्धलेक गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी** कार्यविधि, **२०७४** को दफा ४ को उपदफा (३) **देहाय** क.को अन्तिम वाक्यांश पछि - सवारी चालक/कार्यालय सहयोगीको हकमा **कक्षा ५ उतिर्ण भएको** भन्ने वाक्यशं थप गरिएको, सोहि दफा ४ को उपदफा (३) को देहाय ख.मा उल्लेखित वाक्यांश पछी स्पस्टिकरण थपगरिएको

**स्पष्टिकरणः सरकारी निकायमा कार्यरत रहेको अनुभवको मात्र गणाना हुने**

**सोहि दफा ४ को उपदफा (३) ग.को देहाय २.पछि देहाय ३. थप गरिएको**

**३.सम्बन्धित प्रदेशको बासिन्दा भएमा - ४ अंक**

२०७९।११।३०
परशुराम खतिवडा
अध्यक्ष



Scanned with CamScanner

सोहि दफा ४ को उपदफा (३) देहाय घ. को पहिलो वाक्यांश- अन्तवार्तामा अधिकतम २० अंक भन्ने वाक्यांशमा २० हटाई ३० बनाईएको  दोश्रो वाक्यांश- यस अनुसार अंक प्रदान गर्दा न्युनतम ८ (आठ) भन्ने वाकयांशको स्थानमा १२ (बाह्र) र अधिकतम १४ (चौध) भन्ने वाक्यांशको स्थानमा २१ (एककाइस) भन्ने वाक्यांश थप गरिएको ।

सोही दफा ४ को उपदफा (३) घ. पछि ङ. थप गरिएको ।

ङ.प्रयोगात्मक अंक - १० (दश) (सवारी चालकको हकमा) (अधिकतम ७ र न्यूनतम ४ अङ्क)

परशुराम खतिवडा
अध्यक्ष



Scanned with CamScanner